# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१ ) काठमाडौं, असोज १५ गते २०४८ साल ( अतिरिक्ताङ्क ३९ (क)


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री श्री तारानाथ रानाभाट चिलीको राजधानी साण्टियागोमा हुने अन्तरव्यवस्थापिका संघको ८६ औं अधिवेशनमा भागलिने सिलसिलामा नेपाली प्रतिनिधिमण्डलमा समावेश हुनु भई त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय आपूर्ति मन्त्री श्री चिरञ्जीवी वाग्लेले सम्हाल्नु हुनेछ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम श्री बासुदेवचन्द्र मल्ललाई जनवादी गणतन्त्र चीनका लागि शाही नेपाली राजदूत नियुक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,  
रेवतीरमण खनाल  
श्री ५ महाराजाधिराजका सचिव


मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।